परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ३ २०७९ श्रावण २२ गते आईतवार Sunday 7, AUG 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## सुनचाँदीको गरगहना चोरी गर्ने पक्राउ



सुनसरी । सुनसरीको बराहक्षेत्र नगरपालिका १ चतरा स्थितमा सोही स्थानका लक्ष्मण बि.क.को औलिया ज्वलर्समा सुनचाँदी चोरी गर्ने पक्राउ परेको छ । पक्राउ पर्नेमा सोही स्थानका २६ बर्षीय अनिल बराइली रहेको छ ।

शुक्रवार राती १ तला भएको पक्की घरमा रहेको औलिया ज्वलर्समा घर पछाडी काठको ढोकाको कब्जा फुटाई लकर बाहिर राखिएको सुनचाँदी चोरी भएको सुचना पाए लगतै ईलाका प्रहरी कार्यालय चतरा र ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी टोली खटि गएको थियो । घटनाको सुक्ष्म अनुसन्धान थालेको प्रहरी चोरी भएको २४ घण्टा नबित्दै हिजो दिउँसो साढे २ बजे चोरीमा सम्लग्नलाई

वांकी अन्तिम पेजमा...

## शौर्य सिमेन्ट उद्योग संचालककै निर्देशनमा सञ्चारकर्मीहरु माथि निर्घात कुटपिट

विराटनगर । सिरहाको मिर्चैया नगरपालिकामा सञ्चालित रहेको शौर्य सिमेन्ट उद्योगको संचालककै निर्देशनमा सञ्चारकर्मीहरु माथि प्रहरीहरु द्वारा निर्घात कुटपिट गरिएको छ ।

सिरहाको कर्जन्हामा रहेको रेडियो गंगाजलको समाचार वाचक चन्द्रदीप ठाकुर र सम्वाददाता अरबीन पासवानलाई शनिवार निर्घात कुटपिट गरिएको हो । निर्घात कुटपिट पछि घाइते भएका सञ्चारकर्मीहरुको कर्जन्हा स्थित रहेको फुल कुमारी महतो मेमोरियल अस्पतालमा उपचार भइरहेको छ ।

शौर्य सिमेन्ट उद्योगमा कन्ट्रयाक्टर मार्फत काम गर्ने स्थानिय मजदुरहरु श्रावण ३ गते देखि विभिन्न मागहरु गर्दै आन्दोलन गर्दै आएका थिए । मजदुरहरुको आन्दोलनलाई वेवास्ता गरको खबर आएपछि रिपोर्टिङ्गका लागि शौर्या सिमेन्ट पुगेर उद्योग संचालक र मजदुर संग कुरा गर्न खोज्दा न्यूज बनाउन खोजेको ? भिडियो बनाउने, तलाई ठिक पार्छु भन्दै जथाभावी गाली गलौज गर्दै आफुहरु माथि प्रहरीले नै लाठी प्रहार गरी घाईते बनाएको समाचार वाचक चन्द्रदीप ठाकुरले जानकारी दिए । सञ्चारकर्मी ठाकुर र पासवानको पिठ्यूमा र हात खुट्टामा ठुलो डाम आउने गरि कुटपिट भएपछि अस्पतालमा उपचाररत रहेको छ ।

एक मजदुरका अनुसार हामी शान्तपुर्ण धर्नामा बसेको अवस्थामा हामी माथि प्रहरीहरुले ज्यादती गर्दै धर्ना बिथोल्न खोज्दै लठ्ठी प्रहार गर्दै धपाउन खोजेको र प्रहरीहरु उद्योग संचालकको सेटिङ्गमा कुटपिट गरेको आरोप लगाए ।

हामी लामो समय देखि आन्दोलनरत रहेका मजदुरहरुको कुरा सुन्नका लागि दुवै जनालाई आइडि कार्ड र सञ्चारकर्मीको परिचय झल्किने भेष्ट समेत लगाएको अवस्थामा रिपोर्टिङ्ग गर्न पठाएको अवस्थामा यसरी सञ्चारकर्मीलाई नै कुटपिट गर्नु भनेको देशको चौथो अंग पनी सुरक्षित नरहेको रेडियो गंगाजलका प्रबन्ध निर्देशक तथा राष्ट्रि दलित पत्रकार संघ शाखा कार्यालय सिरहाका अध्यक्ष सरोज कुमार पासवानले जानकारी दिए । यस घटनाको तुरन्त छानबिन हुनुपर्ने र दोसी प्रहरी माथि कानुन बमोजिम कारवाही हुनुपर्ने पासवानको भनाइ रहेको छ ।

सञ्चारकर्मीहरु माथि यसरी

वांकी अन्तिम पेजमा...

## मुक्ति समाजको उर्लावारी नगर अधिवेशन सम्पन्न

विराटनगर । नेकपा (एमाले) को जनवर्गीय संगठन नेपाल उत्पीडित जातीय मुक्ति समाज उर्लाबारी नगर कमिटीको अधिवेशन शनिवार सम्पन्न भएको छ ।

अधिवेशनको उद्घाटन मुक्ति समाजका केन्द्रीय सचिव तथा प्रदेश कमिटी अध्यक्ष सोमनाथ पोर्तेलले गरेका थिए । अधिवेशनलाई सम्बोधन नेता पोर्तेलले मुक्ति समाजले आम दलित समुदायको अगुवाई गर्दै सो समुदायका सवालहरुलाई रानीतिकरुपमा उठाउँदै आएको बताए । उनले सवै भन्दा पहिले २०४५ सालमा दलित समुदायलाई राजनीतिक रुपमा नेकपा ( एमाले) ले संगठित गरेर दलित समुदायका सवालहरुलाई राजनीतिकरुपमा शसक्त ढंगले उठाउदै आएको बताए ।

सो अबसरमा नेकपा ( एमाले) मोरङका अध्यक्ष ऋषिकेश पोखरेलले सिंगो दलित समुदायको अधिकारका लागि सम्पूर्ण दलित समुदाय मुक्ति समाजमा संगठित हुनुपर्ने बताए । उनले ऐन कानुनहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्दा दलित समुदाय माथि अहिले पनि जतीय विभेद र छुवाछुतका घटना भइरहेकाले त्यसविरुद्ध संगठित भएर लड्नुपर्ने बताए । उनले अधिकार प्राप्तीका लागि सम्पूर्ण दलित समुदाय मुक्ति समाजमा

वांकी अन्तिम पेजमा...

## फलामको मुस्लो प्रहार गरी छोराद्धारा बुवाको हत्या

विराटनगर । आफ्नै बाबुलाई फलामको मुस्ली प्रहार गरी हत्या गरी फरार रहेका २४ बर्षीय टंक बहादुर भण्डारी पक्राउ परेको छ ।

उनले मंगलबार ५३ बर्षीय बाबु भक्त बहादुर भण्डारीलाई घरायसी बिवाद हुदाँ धान कुट्ने फलामको मुस्लीले टाउकोमा प्रहार गरि सक्त घाईते बनाई भागी फरार भएका थिए । घाईते भक्त बहादुरको छथर अस्पताल शुक्रवारेमा उपचारको क्रममा मृत्यु भएको थियो ।

वारदात पश्चात फरार रहेका प्रतिवादी छोरा टंक बहादुर भण्डारीलाई जिल्लाहरूमा जान सक्ने नाकाहरूमा जिल्ला प्रहरी कार्यालय तेह्रथुम, ईलाका प्रहरी कार्यालय बसन्तपुर लगायत मातहत प्रहरी कार्यालयहरुबाट प्रहरी परिचालन गरि खोजतलास गर्दै जाँदा तेह्रथुम म्याङलुङ नगरपालिका पिङ्गुवा खोलाको पुल आसपासको एरियामा फेला पारी पक्राउ गरिएको थियो ।

पक्राउ परेका उनलाई मुलुकी अपराध संहिता, २०७४ अनुसार ज्यान सम्बन्धी कसुरमा सम्मानित तेह्रथुम जिल्ला अदालतबाट म्याद थप अनुमती लिई अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।

भर्ना खुल्यो

प्रदेश नं. १ मा
भौतिक पुर्वाधारले सम्पन्न तथा
निजी क्षेत्रको अग्रणी कलेज

विराट हेल्थ कलेजमा

H.A (General Medicine)

Radiography

D. Pharmacy

Lab Technician

फारम भर्ने अन्तिम मिति : २०७९ श्रावण २६ गते सम्म ।
प्रवेश परीक्षा : २०७९ भाद्र ४ गते ११ बजे ।

सम्पर्क
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१५२०९७३, ५२०९७४, मो. ९८५२०५५०४०



क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## सुनचाँदीको...

पक्राउ गर्न सफल भएको छ।

अनुसन्धान गर्ने क्रममा शंकास्पद रहेका अनिल बराईलीको घरकोठा भित्र खानतलासी लिदाँ दराज पछाडी कालो झोलामा लुकाई छिपाई राखिएको चोरीको सुनका गरगहनाहरु ६ तोला ८३ लाल र चाँदीको गरगहनाहरु २९७ तोलाको अन्दाजी १० लाख ४० हजार ५९० बराबरको गरगहना बरामद भएको हो।

चोरीएका सुनको गरगहनाहरु बरामद भए सगै अनिल बराईलीलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट थप अनुसन्धान भइरहेको छ।

## बहुविवाह...

सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०७७ अषाढ १ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: १ बर्ष ५ महिना १० दिन कैद र रु.१५ हजार जरीवाना भई लगत नं. ६३६ मा कैद तथा जरीवाना रहेको थियो।

प्रतिवादी रामसरण राई भएको सवारी ज्यान मुद्धामा सम्मानित मोरङ जिल्ला अदालतको मिति २०७८ पुस २८ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: ११ महिना ४ दिन कैद र रु.२ हजार जरीवाना भई लगत नं. १६३६मा कैद तथा जरीवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका फरार प्रतिबादी थिए।

## शौर्य...

कुटपिट गर्नु दुखद भएको मिर्चैया नगरपालिकाको नगर प्रमुख श्रवण यादवले बताएका छन्। सञ्चारकर्मी र मजदुरलाई कुटेर आन्दोलनको समस्या समाधान गर्नुको साटो भन्न विवाद सृजना गर्न शौर्य सिमेन्टका संचालक लागि परेकोले यसको जवाफ समेत उसैले दिनुपर्ने मेयर यादवले बताए।

घट्ना वारे जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त प्रवक्ता इन्सपेक्टर रामचन्द्र साह संग बुझ्न खोज्दा अवस्था नियन्त्रणमा लिनको लागि ३ राउण्ड आश्रुग्यास प्रहार भएको र सञ्चारकर्मीहरु माथि कुटपिट भएको घटना वारे जानकारी नरहेको जानकारी गराए।

## मुक्त समाज...

एक जुट बन्नुपर्ने बताए।

अध्यक्ष पोखरेलले मुक्ति समाजमा आवद्ध सम्पूर्ण नेता कार्यकर्ता प्रगतिशिल, जनवादी र देशभक्त रहेकाले समाज रुपान्तरणको सम्बाहक बन्नुपर्ने बताए।

कार्यक्रममा एमाले मोरङका सचिव रुपेश खतिवडाले मुक्ति समाजले आम दलित समुदायलाई संगठित गर्दै अधिकारका लागि खबरदारी गर्दै आएको र त्यसमा पार्टीको दह्रो साथ रहेको बताए। उनले एमालेले दलित समुदायलाई पहिलो पटक राजनीतिक रुपमा संगठित गर्दै उनीहरुको चौतर्फी विकासमा जोड दिँदै आएको बताए। कार्यक्रममा नेकपा ( एमाले) प्रदेश कमिटी सदस्य भुपाल जिमीले मुलुकमा सवै प्रकारका विभेद अन्त्य गर्नुपर्ने बताए।

सो अधिवेशनवाट अध्यक्षमा तिलक नेपाली सर्वसम्म चयन भएको छ भने अधिवेशनबाट नगर कमिटीको उपाध्यक्षमा गीता गजमेर, सचिवमा राजिव दियाली, सहसचिवमा टिकाराम विश्वकर्मा र कोषाध्यक्षमा देवी पाँचकोटी सर्वसम्मत चयन भएका हुन्।

त्यस्तै गरी सदस्यहरुसमेत सर्वसम्मत चयन भएको अध्यक्ष मण्डलका अध्यक्ष तथा नेपाल उत्पीडित जातीय मुक्ति समाज मोरङका अध्यक्ष किशोर विश्वकर्माले जानकारी दिए।

विश्वकर्माका अनुसार सदस्यहरुमा खगेन्द्र बराईली, तारा बराईली, सन्तोष सुन्च्युरी, शुक्र विश्वकर्मा, हेमकुमारी नेपाली, सुशीला कार्कीढोली, रुद्र लकान्द्री, सीतादेवी रम्तेल, सुनिता नेपाली, तोया नेपाली, पहलमान नेपाली, कृष्णकुमारी विश्वकर्मा, अम्मर बराईली, रुपनारायण नेपाली, उमा बराईली, भक्तबहादुर रसाइली, सीता सुन्च्युरी, कमला वर्देवा चाहार, सुनिता चाहार, अमृता दाश, मानबहादुर विक, निर्मला विक, भूमिका बराईली, मीना विश्वकर्मा, दुर्गा विश्वकर्मा, भिमबहादुर मग्राती, सन्तोष रसाईली, प्रेमकुमारी विश्वकर्मा, खड्गबहादुर दर्जी, अरुणा विक, मनमाया ल्वागुन, टिका नेपाली, टिका बराईली, जीवन गजमेर, दुर्गा ल्वागुन, कविता शिवा, गोमा सुन्दास, गोपाल दर्नाल, लक्ष्मी शिवा, प्रतिमा लावर, उदिनबहादुर विश्वकर्मा, दिपेन्द्र विक, कल्पना रोक्का, मैना दर्जी, मीना लामिछाने, लिला भुसाल, अनिता बर्देवा, काजी विक र सूर्य भुसाल निर्वाचित भएका छन्।

अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको घोषणा मुक्ति समाज मोरङका अध्यक्ष किशोर विश्वकर्माले गरेका थिए। नव गठित कमिटीका पदाधिकारी तथा सदस्यहरुलाई समाजका केन्दीय कमिटी सचिवालय सदस्य तथा मोरङ इन्चार्ज जित नारायण सरदारले सपथग्रहण गराएका थिए।

कार्यक्रममा मुक्ति समाजका केन्द्रीय सदस्यहरु भद्रमान विश्वकर्मा, दिपेन्द्र पासवान, नेकपा एमाले उर्लाबारी नगर कमिटी अध्यक्ष गंगाप्रसाद बास्तोला, उर्लाबारी नगर पालिका की उपमेयर मीना खतिवडा लगायतले अधिवेशन बाट निर्वाचित कमिटीका पदाधिकारी र सदस्यहरुलाई शुभकामना दिएका थिए। अधिवेशनमा सहभागीहरुलाई कृष्ण वर्देवाले स्वागत गरेका थिए। स्थानीय दलित अगुवा गंगा गजमेरको अध्यक्षतामा सम्पन्न भएको थियो

सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पंजिकाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरू) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १

उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं

- विलासिताका बस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- बचत गरी बैंक तथा वित्तिय संस्थामा रकम जम्मा गरौं।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार, विज्ञापन बोर्ड







क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### जनप्रतिनिधीहरुलाई अपडेट गरौं

*स्थानीय तहको चुनावमा केही पुराना अनुहार बाहेक धेरै जसो जनप्रतिनिधीहरु नयाँ अनुहारका आएका छन् । त्यसमा पनि युवा पिढी अग्र स्थानमा नै रहेको छ । यसवाट के प्रष्ट हुन्छ भने नेपाली काँग्रेस र एमालेमा केही पुराना नेताहरुले नव प्रवेशीहरुलाई अवसर नदिन चाहिदा चाहिदै पनि यूवाहरुले आफ्नै बलिबुतामा स्थानीय तहका निर्वाचन जितेका छन् । ती निर्वाचित जनप्रतिनिधीहरुले नयाँ सोच र जागर भएका नेता हुन । तीनीहरुले स्थानीय तहमा केही नयाँ कुरा गर्न जुर्मुराएका छन् । पार्टीगत हिसाबले चल्दा यूवाहरुलाई केही अप्ठ्यारो भई रहको महसुस गर्न सकिन्छ । ती यूवाहरुलाई समाजका अगुवा बुद्धीजीवहरु वर्गले सहयोग गरी यूवाहरुलाई ट्र्याकमा ल्याएर समाजिक रुपमान्तरण गरी स्थानीय तहलाई समृद्ध वनाउन सकिन्छ ।*

*नेपाली जनतालाई अधिकार प्रति जागरुक वनाउने नेपाली काँग्रेस, नेकपा एमाले पार्टी स्थापनना भएका दशौको विति सकेका छन् । तर त्यसलाई नेतृत्व गर्ने व्यक्ति त्यही छन् जसको कारण देशले विकास र समृद्धिमा फड्को मार्न सकेका छैन । हामीले खाने खाना, उत्पादन गर्ने वस्तु, लुगा लगायका बस्तुहरु कोही वर्षमा, कोही महिनामा र कोही दिन दिनै परिवर्तन गर्दछौ तर राजनीतिक दलका नेताहरुलाई किन न परिवर्तन गर्ने हामीले चलाउने मोवाईल त अपडेट गरी रहेका हुन्छौ अनि मात्र मोवाईल राम्रो संचालन हुन्छ । तर हामी नेपाली जनताले नेताहरुलाई अपडेट गर्न जरुरी छ । राजनीतिक दलका नेताहरुलाई जब सम्म अपडेट गर्न सक्दैनौ तव सम्म देशमा विकास र समृद्धि आउँदैन । त्यसैले जसरी नेताहरु हामीलाई वाचा गरी अश्वासन दिई ठगी रहेका हुन्छ । त्यसैगरी हामी जनता पनि अगामी मंसिर ४ गने हुने संघिय र प्रदेशका निर्वाचनमा पुराना अनुहारलाई अपडेट गरौ । त्यसका ठाउँमा नयां सोच, नयाँ विचार भएको यूवा नेताहरुलाई निर्वाचित गरौं ।*

*राजनीतिक पार्टी स्थापना काल देखि सत्तामा टाँसी रहने राजनीतिक दल र ती दलका नेताहरुलाई अगामी चुनावमा सवक सिकाउन जनता तयार भएर वस्नु पर्छ । चुनावको वेला गोप्य मतदानले आम नेपाली जनता आफ्नो शक्ति देखान आवश्यक छ । अगामी निर्वाचनमा पुराना नेताहरुलाई परिवर्तन गरी नयाँ अनुहारका, नयां सोच, नयां विचार, प्रविधिी मैत्रि यूवा जनशक्तिहरुलाई अगाडी बढाऔं देशमा विकास र समृद्धिका बाटो खोलौं आफ्नो अधिकारको सही ठाउँमा सदुपयोग गरौं ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# जसपा कलहका त्रि–आयाम र स्वाभिमानको प्रश्न

तुलानारायण साह

मधेश विद्रोहको लिगेसी, मधेशी समाजको एउटा तप्काको भोटमा जबर्जस्त पकड भएको उपेन्द्र यादवलाई व्यक्तिगत राजनीतिको लागि भट्टराई र राई त नचाहिएला तर पहिचानको राजनीतिलाई नयाँ उचाइ दिनुछ भने अहिलेको जसपाभन्दा राम्रो संगमस्थल भेट्टाउन गाह्रो पर्ला । जसपा अहिले विभाजन भए पनि नभए पनि उपेन्द्र यादवले आफ्नो सोच, संवाद र पार्टी सञ्चालनको शैलीमा पुनर्विचार नगरे विभाजन को क्रम रोकिने छैन ।

जनता समाजवादी पार्टी ( जसपा) भित्रको विवाद उत्कर्षमा पुगेको छ । अध्यक्ष उपेन्द्र यादवको विरुद्धमा बाबुराम भट्टराई र अशोक राई पक्षले मोर्चाबन्दी कसेको छ । कतिपयको अनुमानमा जसपा पुन: विभाजन नजिक पुगेको छ ।

केही महिनाअघि नै जसपाबाट विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनेको थियो । त्यसअघि विभिन्न समयमा उपेन्द्र यादव, अशोक राई, डा. बाबुराम भट्टराई नेतृत्वको विभिन्न पार्टी मिलेर समाजवादी पार्टी बनेको थियो । २०७७ सालमा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भएर जनता समाजवादी पार्टी बनेको थियो ।

विभाजन नजिक पुगेको जसपाभित्रको कलहका तीन आयाम छन् । पहिलो, नेताहरूको भिन्न भिन्न काल्पनिकी ( इम्याजिनेसन) । दोस्रो, पार्टीभित्र शक्ति, अधिकार र सत्ताको लाभांशको बाँडफाँडमा विवाद । तेस्रो, नेताहरूको सोच र कार्यशैलीमा समस्या ।

काल्पनिकीका कुरा

यो देशमा मधेशी, आदिवासी, जनजाति र खस–आर्य तीन क्लस्टरको जनसंख्या लगभग बराबर छ, तर राज्य र राजनीतिमा खस–आर्य समुदायको मात्र वर्चस्व रहिआएको छ । बाँकी दुई क्लस्टरलाई अगाडि ल्याउनको लागि नयाँ खालको राजनीति गर्नुपर्छ । तिनै क्लस्टरलाई मिलाएर देशैभरि संगठन विस्तार गर्दै, सामूहिक नेतृत्वको बलमा कांग्रेस, एमालेको विकल्पमा नयाँ पार्टी निर्माण गर्नुपर्छ । यो डा. बाबुराम भट्टराईले भनिआएको कुरा हो ।

अशोक राई पनि यसमा सहमत नै हुनुहुन्छ, तर उहाँले भट्टराई भन्दा पहिला नै उपेन्द्र यादवसँग पार्टी एकीकरण गर्नुभएको थियो । त्यसैले उहाँले थोरै भिन्न कल्पना गर्नुभएको थियो जस्तो लाग्छ ।

मधेशीहरू आन्दोलन गरे, पार्टी बनाए, निर्वाचनमा राम्रो परिणाम ल्याएर सत्ता राजनीतिको केन्द्रमा पुगे, तर जनजातिहरू पछाडि नै परिरहे । तसर्थ, मधेशी र जनजाति मिलेर खस–आर्यको वर्चस्वको विरुद्धमा एउटा सशक्त पार्टी निर्माण गर्नुपर्छ । अशोक राईको सोच सायद यस्तै थियो ।

उपेन्द्र यादव मधेश आन्दोलनबाट उदाएको नेता हुनुहुन्छ । लगातारको निर्वाचन जितेर र आन्दोलनको नेतृत्व दिएर उहाँ स्थापित हुनुभएको हो । मधेशको सबैभन्दा बलियो नेता भइसकेपछि उहाँमा राष्ट्रिय पार्टीकै नेता हुने चाहना पलाएकै थियो । तर, ६/७ वर्षको अनुभवपछि उहाँको सोचमा व्यापक बदलाव आएजस्तो लाग्छ ।

विभिन्न निर्वाचनमा देखिएका मताधार क्षेत्र, सरकारमा हुँदा र पार्टी सञ्चालन गर्दाको तितामिठा अनुभवले उहाँको सोचाइमा परिवर्तन आएको पाइन्छ । अहिले उहाँ आफ्नो पार्टीलाई मधेशमै सीमित राख्नेतर्फ सोच्न थाल्नुभएको भान हुन्छ ।

यसरी, तीनै जना शीर्ष नेताको काल्पनिकीमा रहेको यो भिन्नता जसपाभित्रको खिचलोको एउटा प्रमुख पाटो हो ।

शक्ति, अधिकार र सत्ताको लाभांश लिनेमा विवाद

जसपाको स्वरूप एउटा सिंगो पार्टीभन्दा पनि तीन दलको गठबन्धन जस्तो छ । तीनै जना शीर्ष नेताहरू एक ठाउँमा मिल्नुभन्दा अगाडि उहाँहरू आफैंले पार्टी बनाउँदै नेतृत्व गर्नुभएको थियो । नेतृत्वको हिसाबले उहाँहरू सबैको पार्टी मूलत: एउटै प्रकारका थिए । एक व्यक्तिले आफ्नो छत्रछायाँमा बनाएको पार्टी थिए । कुनै पनि एक नेताले आफ्नो व्यक्तित्व वा अन्य कुनै आधार देखाएर बनाएको पार्टीमा उहाँको मनोमानी चल्नु स्वाभाविक हो । अशोक राईको पार्टीमा केही अन्य स्थापित अनुहारहरू रहेकोले थोरै फरक मान्न सकिन्छ ।

हस्टन विश्वविद्यालयकी राजनीतिशास्त्री सुसन ई स्कारोका अनुसार त्यस्ता पार्टीमा आन्तरिक लोकतन्त्र कमजोर हुन्छ । उहाँहरू सबैको पार्टीको विगतको अवस्था त्यस्तै थियो । पछि उहाँहरू एउटै पार्टीमा आउनुभयो तर सबैले आफ्नो पुरानो शैली बिर्सन सक्नुभएन । एकपटक पार्टीको संस्थापक अध्यक्ष भइसकेका नेता अरूको नेतृत्वमा बस्न साह्रै कठिन हुँदोरहेछ । यो मानवीय स्वभावसँग सम्बन्धित कुरा पनि हो ।

कुनै पनि राजनैतिक पार्टीमा नेताको हैसियत भनेको मूलत: तीनवटा कुराले निर्धारण हुने हो । पहिलो, पार्टीको आर्थिक स्रोत र सम्पत्तिमाथि पहुँच । दोस्रो, पार्टीको तर्फबाट सरकारमा जाने मन्त्रीहरू, पार्टीभित्रको पदाधिकारी हरू र निर्वाचनमा उम्मेदवारहरू को चयनमा भूमिका । तेस्रो, पार्टीभित्र हुने अध्ययन, अनुसन्धान र सूचनामा नियन्त्रण, जसले रणनीति बनाउन सघाउँछ ।

जसपाभित्र स्रोत र सम्पत्ति धेरै छ जस्तो लाग्दैन । निर्वाचनको बेला आउने भित्री बाहिरी सहयोग जे-जति हुन्छ, त्यो उपेन्द्र यादवकै नियन्त्रणमा रहने हो । यसबारेमा कुनै सार्वजनिक र आधिकारिक सूचना नरहेकोले अनुमान मात्र गर्न सकिने कुरा हो । अध्ययन, अनुसन्धान गर्ने र त्यस अनुरूप पार्टीको रणनीति तय गर्ने संस्कारको विकास नै भइसकेको छैन ।

सबैभन्दा महत्वपूर्ण कुरा मन्त्री, पदाधिकारी र उम्मेदवार चयनको विषय हो । यसमा पनि उपेन्द्र यादवको एकछत्र नियन्त्रण चलिआएको छ । मधेश प्रदेशको सरकारमा मन्त्रीहरूको चयन गर्ने काममा डा.बाबुराम भट्टराई, अशोक राईको खासै चासो नरहन सक्छ तर हालैको देउवा सरकारमा पार्टीको तर्फबाट सहभागी हुने मन्त्रीहरूको नाममा पनि उपेन्द्र यादव एक्लैले निर्णय गरेकोमा बाँकी दुवै नेताको असन्तुष्टि सार्वजनिक भएको थियो ।

विवाद बढ्दै गएपछि स्थानीय तहको निर्वाचनमा उम्मेदवार छान्नलाई अशोक राई र उपेन्द्र यादवको संयुक्त हस्ताक्षरलाई आधिकारिक मान्ने निर्णय भएको थियो । साथै, पार्टीको महत्वपूर्ण निर्णय लिनुपरेमा तीनै जना शीर्ष नेता रहेको तीन सदस्यीय हेडक्वाटर गठन भएको थियो । तर, राई र भट्टराई पक्षको आरोप छ कि न त उम्मेदवार छनोटमा न अन्य कुनै महत्वपूर्ण निर्णय प्रक्रियामा सामूहिक नेतृत्वको अवधारणा लागु भयो ।

अध्यक्ष यादवले एकलौटी निर्णय गर्ने गरेको शीर्ष नेताद्वयको आरोप छ । तसर्थ, पार्टीभित्रको शक्ति र अधिकार बाँटफाँटमा देखिएको विवाद पनि अहिलेको किचलोको अर्को पाटो हो ।

यसबारे उपेन्द्र यादव पक्षको फरक दाबी रहेको छ । हालैको दिनमा यादव पक्षका अनेकौं नेता, कार्यकर्तासँग मैले कुराकानी गरेको छु । त्यसक्रममा थाहा भयो कि उहाँहरू एकठाउँमा बस्नुभन्दा छुट्टिनुमा आफ्नो भलाइ देख्न थाल्नुभएको छ । प्रतिनिधिसभामा पराजित मधेश प्रदेशका एक केन्द्रीय सदस्यले पंक्तिकारसँगको संवादमा भन्नुभयो, 'हामी मधेश आन्दोलनमा लाग्यौं, फोरम भनेको मधेशियाको पार्टी हो भनेर लागेको तर जसपासम्म आइपुग्दा त यो पार्टी मधेशिया पार्टी जस्तै लाग्दैन ।'

एउटा भनाइ छ, 'कुनै एक वा दुई जनासँग कुरा मिल्दैन भने ती व्यक्तिसँग कुरा गर्नुपर्छ । तर, यदि कसैसँग पनि कुरा मिल्दैन भने आफूसँग कुरा गर्नुपर्छ ।' लाग्छ, उपेन्द्र यादवले आफैंसँग कुरा गर्ने बेला भइसकेको छ ।

पार्टीको केन्द्रीय कार्यालयमा जाँदा होस् वा बैठकहरूमा भाग लिंदा सबै कोठामा पहाडे नेता, कार्यकर्ताहरू कुर्सी जमाएर बसेको

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## धरान उपमहानगर पालिका सरुवा भएको सचिवको विदाई

विराटनगर । प्रदेश नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सरुवा हुनुभएका सचिव उद्धवप्रसाद रिजाल बुधवार औपचारिक रुपमा बिदाइ हुनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका बैठक तथा प्रशासन महाशाखाका सचिव रिजालको यही श्रावण १२ गते सरुवा भएको थियो ।

बिदाइ कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव विनोदप्रकाश सिंहले सचिव रिजाललाई मायाको चिनो प्रदान गर्नु भएको थियो । उक्त अवसरमा प्रमुख सचिव सिंहले छोटो समयको सङ्गतमा रिजाललाई कामप्रति लगाव भएको एक जुझारु कर्मचारीको रुपमा आफूले बुझेको अनुभव सुनाउनु भएको थियो । बिदाइ हुने क्रममा सचिव रिजालले आफ्ना लागि बिदाइ कार्यक्रम कुनै नौलो नभएको उल्लेख गर्नुहुँदै अहिलेको बिदाइ २५ औं पटकको भएको बताए ।

सचिव रिजाल सहसचिवमा बढुवा भएपछि पहिलो पटक प्रदेश नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा २०७८ माघ २७ गते हाजिर भएको थियो । त्यसअघि उहाँ संघीय सरकारको गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपसचिव सरहको कर्मचारीको रुपमा कार्यरत रहेको थियो । रिजालले २०४७ सालमा जिल्ला शिक्षा कार्यालय ओखलढुंगाबाट मुखिया पदबाट जागिर सुरु गरेको थियो ।

स्थानीय तहमा रिजाल छैटौं पटक प्रमुख प्रशासकीय अधिकृतका रुपमा जान लाग्नुभएको हो । यसअघि उहाँ भक्तपुर जिल्लाको भक्तपुर नगरपालिका र सोही जिल्लाको मध्यपुर ठिमी नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत भइसक्नुभएको छ । त्यस्तै, काठमाडौंको कीर्तिपुर नगर पालिका, उदयपुरको त्रियुगा नगरपालिका र कालिकोट जिल्लाको तिलागुफा नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत भइसकेको उहाँको अनुभव छ ।

## बहुविवाह र सवारी ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

विराटनगर । बहुविवाह र सवारी ज्यान मुद्धाका २ जना फरार प्रतिबादी पक्राउ गरिएको छ । पक्राउ पर्नेमा बहुबिबाह मुद्धाका सुनसरी ईटहरी उप-महानगरपालिका वडा नं. २ बस्ने ३६ बर्षीय सुशिल पोदार र सवारी ज्यान मुद्धाका सुनसरी धरान उप-महानगरपालिका वडा नं. २० देबिगाउ बस्ने २८ बर्षीय रामसरण राई रहेका छन् ।

उनिहरुलाई १ नम्बर प्रहरी कार्यालय विराटनगर (रिट) बाट खटीएको प्रहरी टोलिले खोजतलास गर्ने क्रममा गाँउघरमा नै लुकिछिपी बसेको अवस्थामा पोदारलाई आज र राईलाई गत १६ गते पक्राउ गरिएको हो ।

पक्राउ परेका दुवैलाई सम्मानित अदालतबाट कैद भुक्तानको लागी कारागार पठाईएको छ ।

प्रतिवादी शुशिल पोदार भएको बहुबिबाह मुद्धामा

वांकी अन्तिम पेजमा...

## मानिसलाई एक दिनमा कति प्रोटिन चाहिन्छ ? यीं हुन् प्रोटिनका भण्डार

प्रोटिन मानिसको स्वास्थ्यका लागि महत्वपूर्ण तत्व हो। यसले शरीरको कोशिका निर्माण र मर्मतमा ठूलो भूमिका निर्वाह गर्छ। यो हरेक उमेरका मानिसलाई आवश्यक हुन्छ। गर्भावस्थामा प्रोटिन बढी आवश्यक हुन्छ। शिशुको निर्माण प्रक्रियामा पनि यसको अहम् भूमिका हुन्छ। मानिसको पूरै जीवनमा प्रोटिन धेरथोर आवश्यक भइरहन्छ। यसैले हाम्रो खानामा पनि कुनै न कुनै प्रोटिनजन्य खाद्यपदार्थ सामेल गराइएको हुन्छ। थाहा पाऔं प्रोटिन बढी पाइने खानेकुराहरु :

एकदिनमा कति प्रोटिन जरुरी ?

युनाइटेड स्टेट डिपार्टमेन्ट अफ एग्रीकल्चका अनुसार शरीरको तौलको हिसाबमा प्रतिदिन ०.८ ग्राम प्रोटिन जरुरी हुन्छ । उदाहरणका लागि यदि तपाईंको तौल ६० किलो छ भने ४८ ग्राम (६० किलो गुणा ०.८) प्रोटिन जरुरी पर्छ। यदि स्ट्रेन्थ तालिम गरिरहनुभएको छ भने तौलको हिसाबले प्रतिकिलोग्राम १.५ देखि २ ग्राम प्रोटिन आवश्यक हुन्छ ।

**सिमी**

सिमी प्रोटिनको निकै राम्रो स्रोत हो। पोषणविद् यसलाई प्रोटीनको पावरहाउस पनि भन्छन्। यसमा शरीरलाई आवश्यक फाइबर भरपूरमात्रामा पाइन्छ। सुकाइएको र हरियो सबै खालका सिमीमा प्रोटिन पाइन्छ। यसमा पर्याप्तमात्रा मा भिटामिन ए, सी, के र बी ६ पाइन्छ। यो फोलिक एसिडको पनि राम्रो स्रोत हो। यसका अलावा क्याल्सियम, सिलिकन, आइरन, म्यांगनिज, बिटा क्यारोटिन, प्रोटिन, पोटासियम र कपर पायन्छ। एक कप उमालिएको सिमीमा करिब ७ ग्राम प्रोटिन हुन्छ ।

**माछा**

एमिनो एसिड भरपूर पाइने भएकाले माछा प्रोटिन एक राम्रो स्रोत हो। माछामा लाइसिस र थ्रियोयिन तत्व पाइन्छ। साना माछा हड्डीसमेत उपभोग गर्नाले क्याल्सियम पनि राम्रो पाइन्छ। माछामा पाइने स्याचुरेटेड फ्याट, अधिक मात्रामा प्रोटिन र ओमेगा ३ फ्याटी एसिडका कारण यो स्वास्थ्यबर्द्धक मानिन्छ। माछामा भिटामिन, खनिजलगायत कयौं प्रकारका पोषक तत्व पाइन्छ ।

**अण्डा**

अण्डा खानाले शरीरका लागि आवश्यक भिटामिन र खनिज पाइन्छ। अण्डामा निकै प्रकारका पौष्टिक तत्व पाइन्छ, जसबाट भिटामिन र प्रोटिन पाइन्छ। १०० ग्राम उमालेको अण्डामा भिटामिन ए १० प्रतिशत, भिटामिन डी २१ प्रतिशत, १८ प्रतिशत भिटामिन बी १२, ५ प्रतिशत भिटामिन बी ६, म्याग्नेसियम २ प्रतिशत, आइरन ६प्रतिशत, सोडियम १२४ मिलिग्राम, पोटासियम १२६मिलिग्राम, कोलेस्टेरोल ३७३ मिलिग्राम र प्रोटिन १३ ग्राम पाइन्छ ।

**पनिर र डेरी उत्पादन**

पनीर, दही, चिजजस्ता डेरी उत्पादनमा प्रोटीन भरपूरमात्रा मा पाइन्छ। चिजको तुलनामा पनीर र दहीमा क्यालोरी पनि कम हुन्छ। त्यसैले यी चिज खाँदा डाइट प्लानमा कुनै फरक पर्दैन। गाइको दूधबाट बनेको १०० ग्राम पनीरमा १८.३ ग्राम प्रोटीन हुन्छ, जो अण्डाभन्दा कयौं गुणा बढी हो ।

उमारिएको गेडागुडी

गहुँ, चना, मुँग, दालजस्ता उमारिएको गेडागुडीमा प्रोटीन निकै बढी पाइन्छ। एक कप उमारिएको अनाजमा १३ देखि १६ग्रामसम्म प्रोटिन हुन्छ। यसमा क्यालोरी कम हुने हुनाले सलादमा मिसाएर पनि खान सकिन्छ। उमालेर या पकाएर खानाले पनि यसमा भएको प्रोटिनले फाइदा नै दिन्छ ।

## जागिर गज्जबको : काम चकलेट खाने तलब १ करोड

काठमाडौं । अहिलेको प्रतिस्पर्धाको युगमा आफ्नो क्षमता अनुसारको तथा पर्याप्त तलबभत्ता भएको जागिर पाउन निकै मुस्किल छ । तर सबैतिर कहाँ त्यस्तो छ र ? एउटा कम्पनीले चाहिँ गज्जबको जागिर खुलाएको छ ।



उक्त जागिरमा तपाईले केवल चकलेट चाखिदिने काम गर्नुपर्नेछ र त्यसबापत करीब १ करोड रुपैयाँ तलब पाउनुहुनेछ ।

एउटा चकलेट कम्पनीले सोसल मिडियामा प्रकाशित गरेको एउटा विज्ञापनले अहिले राम्रै चर्चा पाइरहेको छ । उक्त कम्पनीले यस्ता कर्मचारीको खोजी गरेको छ जसले कम्पनीबाट उत्पादित चकलेटहरु चाखिदिउन् । त्यबापत उनले वार्षिक १ लाख क्यानेडियन डलर अर्थात् करीब साढे ९८ लाख रुपैयाँ बराबरको तलब पाउनेछन्।

क्यानडास्थित क्यान्डी फनहाउस नामक उक्त कम्पनीले एकजना चिफ क्यान्डी अफिसरको पदका लागि विज्ञापन खुलाएको हो ।

वास्तवमा गुलियो मन पराउनेका लागि यो भन्दा राम्रो जागिर के हुनसक्ला ? उक्त अधिकृतको काम केवल क्यान्डी चाखेर त्यसको स्वाद तथा गुणस्तरका बारेमा टिप्पणी गर्नु हुनेछ ।

अनलाइन रिटेलर कम्पनी क्यान्डी फनहाउसले चकलेट बार देखि क्यान्डी लगायतका चिजहरु बेच्दछ । आफुले बिक्रि गर्ने चकलेट तथा क्यान्डीहरु चाखेर त्यसको स्वाद तथा गुणस्तरका बारेमा यथार्थ समीक्षा दिने कर्मचारीको खोजी कम्पनीले गरेको छ ।

रोचक त के भने प्रमुख क्यान्डी अधिकृत पदमा आवेदन गर्न बालिग हुनुपदैन । यसका लागि ५ वर्ष उमेर पुगेका जो कोही बच्चाले पनि आवेदन गर्न सक्दछन् ।

क्यान्डी फनहाउसका सिइओ जमिल हेजाजीका अनुसार क्यान्डी अफिसरले एक दिनमा केवल १ सय १७ वटा क्यान्डी तथा चकलेट चाख्नुपर्नेछ ।

कम्पनीले राखेको उक्त विज्ञापनप्रति मानिसहरुले तिव्र रुची प्रकट गरिरहेको हेजाजी बताउँछन् । एजेन्सीको सहयोग मा


सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्याळ्य (गाउँपाळिका वा तोकिएको वडा कार्याळ्यहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायळाई अभिळेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १



## ३९ वर्षिय महिलाको पाठेघरबाट १० किलो ट्यूमरको शाल्यक्रिया



बिराटनगर । बिराट नर्सिगं होम बिराटनगरमा ३९ बर्षिय एक महिलाको पाटेघरबाट ९ किल्लो २ सय ग्राम(९.२ किल्लोग्राम) बिरलै बिरामीमा हुने फाईब्रोड नामक टयुमर शल्यकिया गरी निकालिएको छ ।

पथरी शनिश्चरे नगरपालिका वार्ड न ४ स्थायी घर भएकी महिलाको बिराट नर्सिगं होममा डाक्टर ज्ञानेन्द्रमान सिंह कार्कीको नेतृत्वमा सफल सल्यकिया भएको हो । करिब १ घण्टा २० मिनेट लगाएर गरिएको सल्यकियामा डाक्टर भानु न्यौपाने, डाक्टर बातसल्य अर्याल, डाक्टर फारिदा खातुन लगायतको टिम सहभागि थियो ।

आफनो ३५ बर्षको महिला सम्बन्धि पाटेघरको शल्याकिया गर्दा यत्रो ठुलो मासुको टयुमर नदेखेको डा. कार्कीले बताए । सयौ अपरेशन गरियो तर हेर्दा सामान्य देखिने तर जटिल अनि धोरै ठुलो १० केजी मासुको थुप्रो लिएर ती महिला कसरी यस अस्पताल सम्म आईन त्यो झन जटिल बिषय भएको डा. कार्कीले थपे ।

बिगत २ बर्ष देखि घरान स्थित बिपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा नियमित चेक गर्दा सानो ५/६ सेमी साइजको मासु पलाएको रिर्पोट थियो । कोरोनाको कारणले पुन: उपचार र चेक जाँच गरिएको थिएन तर पेटमा कुनै समस्या पनि देखा नपरेको बिरामीको आफन्तले बताएका छन् । बिस्तारै बिस्तारै पेट बढ्दै गयो । मोटाएको जस्तो महसुस भएको तर कुनै दु:ख अप्ठयारो नभएको हुनाले ठिकै छ भनेर घरमा बसिरहेको हो । तर पेट घेरै मोटाएको हुनाले बिराट नर्सिगं होममा आएर चेक जाँच गर्दा ३०/४० सेमी साईजको टयुमर देखा परयो । शल्यकिया नगरी अरु उपाए नभएको डाक्टरहरुले बताए पछि यत्रो १० केजी भन्दा बढी मासुको थुप्रो देख्दा छक्कै परेको बिरामी कुरुवा बसेका आफन्तले बताएका छन् ।


### हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरूवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १



### कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस दुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


## गोदावरीका महिलाहरूले ध्वनी प्रदुषण बिरूद्धमा उजुरी

ललितपुर । गोदावरी नगरपालिका वडा नं. ३ टौखेलका पाँचजना महिलाहरुले स्थानीय राजबहादुर साह विरुद्ध ध्वनी प्रदुषण गराएर रातभरी सुत्न नदिएको भन्दै न्यायिक समितिमा साउनको शुरुमै उजुरी दर्ता गराएका छन् ।

साहले घरभित्रै बर्कसप सञ्चालन गरेर गाडी मरमतका कामहरु समेत गर्दा आउने ध्वनी प्रदुषणलाई रोक्न छिमेकीहरुले वडा कार्यालय र स्थानीय प्रहरीलाई बारम्बार उजुरी गर्दा समेत सुनवाई नभएपछि न्यायिक समितिमा उजुरी दिनु परेको गोदावरी नगरपालिका ३ की पवित्रा आचार्यले बताइन् ।

महिलाहरुले सामुहिक रुपमा दिएको उजुरीमा साहमाथी चारवटा आरोप लगाइएको छ । उजुरी कर्ता महिलाहरुका अनुसार साहले नेपाल सरकारको सवारी मापदण्ड विपरित धेरै पुराना गाडीहरु घर कम्पाउण्ड भित्र ल्याएर छिमेकीलाई साउण्ड पोलुसन हुनेगरी गाडीको वर्कसप सञ्चालन गरिरहेका छन् । बस्तीभित्र वर्कसप संचालन गर्दा छिमेकीहरुको सहमति लिनु पर्नेमा त्यो केही गरिएको छैन । पाँचबर्षदेखि उक्त काम गरिरहेको भएपनि स्थानीय जनप्रतिनिधि र सुरक्षा निकायहरुमा पटक पटक जानकारी गर्दा समेत कुनै सुनवाई नभएको बताए ।

गएको माघ १३ गते स्थानीय समुदायले नजिकको प्रहरी चौकी र वडा कार्यालयमा ध्वनी प्रदुषण भएको भनेर उजुरी गरेका थिए । लगतै माघ २० गते जिल्ला प्रहरी कार्यालय ललितपुरलाई शान्ति सुरक्षा सम्बन्धी निवेदन साहका छिमेकी पवित्रा भण्डारी आचार्यले दिएकी थिइन् । जिल्ला प्रहरीले प्रहरी प्रभाग बाँडेगाउँलाई कारवाहीका लागि पत्राचार गरेको भएपनि लामो समयसम्म साहलाई कुनै कारवाही गरेको पाइदैन । साह उद्यमी भएकाले उनको पहुँचले कारवाही गर्न जनप्रतिनिधिहरु पनि हिच्किचाइ दिनाले सर्वधाराणले दुःख पाएको देखिन्छ ।

उजुरी कर्ता आचार्यका अनुसार पटक पटक तागेता गर्दा प्रहरीले एक पटक उनको घरमा आएर साउण्ड डिटेक्टर लगाएर एसीको आबाज परीक्षण गरेको थियो । सो परीक्षण पछि राजबहादुर साहको घरमा बस्नेहरुलाई प्रहरीले बोलाएर अत्याधिक आबाज दिने एसी नचलाउन वा छिमेकीलाई ध्वनी प्रदुषण नहुने व्यवस्था मिलाउन आदेश दिएपनि साहपक्षले मानेको देखिदैन ।

दिनभरी काम गरेर राती सुत्नेबेलामा निन्द्रा खल्बलिने गरी साहका घरमा पालिएका पाँच कुकुरहरु मध्ये दुईवटा 'टिबेटियन मासटीफ' जातका छन् । ती कुकुरहरु एकहोरो भुकिरहने बानी भएकोले छिमेकीहरु रातभर सुत्न पाएका छैनन् । उनीहरुका अनुसार उक्त जातको कुकुरलाई चीन र अमेरिकाको केही प्रान्तमा पाल्न बन्देज लगाइएको छ । तर नेपालमा टोलै थर्काएर रातभर भुकिरहने कुकुबाट छिमेकीलाई परेको असरबारे कसैले सुनवाई नगरेको महिलाहरुको दु:खेसो छ ।

लामो समयदेखि न्यायका लागि विभिन्न सरोकारवाला हरुलाई गुहारी रहेका टौखेलका महिलाहरुले गोदावरी नगरपालिका वडा नं. ३ मा फागुन ३० गते दर्ता नं. १९५२ मा दर्ता गरेका छन् । तर त्यसले पनि कुनै निकास नदिएकोले अन्तिममा न्यायिक समितिमा उजुरी हालिएको पिडित महिलाहरुले बताएका छन् ।

साहले बनाएको घर तथा आवास सम्बन्धी मापण्ड विपरित कम्पाउण्डबाट बाहिरतर्फ खुल्ने गेट राखेको र मुलुकी अपराध संहिता २०७४ को दफा १४८ को ख १४९ र १५० विपरित सार्वजनिक रुपमा भोगचलन गर्दै आएको तथा छिमेकीहरुको सहमति बिना मनोमानी ढंगबाट सडकलाई क्षति पुऱ्याएको आरोप उक्त निवेदनमा लगाइएको छ ।

उजुरी निवेदनमा बातावरण संरक्षण ऐन २०५३ विपरित साहले हालसम्म कुनैपनि निकायबाट स्वीकृति नलिई मानव शरिरको लागि घातकहुने ग्रीस, मेटल, डस्ट, पेट्रोल डिजेलका टक्सी, धुँवा लगायत अन्य हानीकारक रसायन उत्सर्जन गरी प्राकृतिक वातावरण प्रदुषित हुनेगरी, यान्त्रिक ध्वनी प्रदुषण हुनेगरी लामो समयदेखि वर्कसप सञ्चालन गर्दै आएको भनिएको छ ।

साथै वर्कसप सञ्चालन गर्न चारकिल्लाको सहमति लिनुपर्नेमा सो केही नलिई सञ्चालन गरेकाले कारवाही गरिपाउँ भनी न्यायिक समितिमा उजुरी दिएका हुन । घरमा धेरै समय महिला नै बस्नु पर्ने भएकोले ध्वनी प्रदुषणले गर्दा विद्यार्थीहरुले पढ्न नपाएका तथा महिलाहरु बढी पिडित भएका निवेनकर्ताहरुले बताएका छन् ।

उजुरी गर्ने महिलाहरु गोदावरी नगरपालिका वडा नं. ३, टौखेलका पवित्रा भण्डारी आचार्य, मन्दिरा कुँबर, बिना कुँवर, रबिना तामाङ तण्डुकार र कोपिला कुँबर छन् ।




क्राईम अपरेशन साप्ताहिक
Crime Operation

# सप्तकोशी नदी बाढी प्रभावितको उद्धार तथा अवलोकन



बिराटनगर। उदयपुरको बेलका नगरपालिका-८ डुम्रिबोटेमा सप्तकोशी नदीले बुधवार बिहान ४ बजे देखि बाँध कटान गरी सिसौली बस्तिमा पानी पसी डुबान शुरु भए पश्चात उक्त स्थानमा खटिएका नेपाल प्रहरी लगायत नेपाली सेना र सशस्त्र प्रहरी बल समेतले डुवानमा परेका स्थानीय वासिन्दालाई उद्धार गरी सुरक्षित स्थानमा राख्दै आईरहेको छ।

डुवानबाट प्रभावित स्थानीय वासीहरुलाई उद्धारका लागि जिल्ला प्रहरी कार्यालय उदयपुर, इलाका प्रहरी कार्यालय रामपुरठोक्सिला र प्रदेश प्रहरी गण बिराटनगर समेतबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी परिचालन गरिएको छ ।

सप्तकोशी नदीले बाँध कटान गरी बेलका नगरपालिका-८ को सिसौली बस्ति र बेलाका नगरपालिका-३ को भाटेपुल बस्तिमा बाढी पसी डुवानबाट प्रभावित भएका ९ सय घर परिवारलाई बेलका नगरपालिका-९ स्थित रहेको डुंडखोला सामुदायिक भवन र सामुदायिक बिध्यालय को भवनमा तथा अन्य सुरक्षित स्थानहरुमा स्थानान्तरण गर्ने कार्य भईरहेको छ।

डुवान प्रभावित क्षेत्रको १ नम्बर प्रदेशका अन्तरिक मामिला तथा कानुन मन्त्री केदार कार्की, भौतिक योजना तथा पुर्वधार बिकाश मन्त्री हिमाल कार्की, १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरी, सशस्त्र प्रहरी बल बराहबाहिनि पकलीका सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरी, २ नम्बर बाहिनि इटहरीका प्रमुख सेनानि, जिल्ला प्रशासन कार्यालय उदयपुर, सुनसरी र मोरडका प्रमुख जिल्ला अधिकारी समेतले स्थलगत अवलोकन गर्नु भएको थियो।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको
कार्यालय, कर्सिया
मोरंग, प्रदेश १



क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक


## जसपा...

देख्दा उहाँलाई सहज लागेनछ। बैठकहरूमा मधेश तिरका सहभागीहरू त्यति साह्रो तर्क गर्न नसकिराखेको देख्नुभएको रहेछ। मधेशीमाथि चर्को स्वरमा आफ्नो कुरा लादिरहेको अनुभूति भएछ।

मधेश प्रदेशका एक मन्त्री भन्दै हुनुहुन्थ्यो, 'ओहो कस्तो बाठाहरू ! गोरखा, दोलखा घर भएकाहरू आउँछन्, पार्टीको कार्यकर्ता हुँ भन्छन्, फलानो कमिटीको सदस्य हुँ भन्छन्। यसो हेरिदिनु है भनेर कतिपय नेताले फोन गरिरहेका हुन्छन्।' उहाँका अनुसार जसको भोट लिएर जितेको हो, उनीहरूको काम नगरेर अरू कसैको सेवा कसरी गर्ने ?

उपेन्द्र यादवसँग नजिकको सम्बन्ध बनाएका एक मधेशी बुद्धिजीवीको बुझाइ यस्तै छ। पार्टीलाई राष्ट्रिय बनाउने सोचका साथ एकतामा गए पनि पहाडबाट भोट नआइरहेको उहाँको तर्क छ। उहाँ भन्नुहुन्छ, 'भोट कम आए पनि पहाडी समुदायका नेता कार्यकर्ताहरूको दुईथरी मागले हामी सशंकित भएका छौं।'

पहिलो, पार्टीभित्र कुरा गरौं। सुरुमा भन्यो आलंकारिक अध्यक्ष भए पनि डा. भट्टराईलाई दिनुपर्‍यो। यत्रो विद्वान, प्रधानमन्त्री भइसकेका मानिसलाई कसरी तल राख्ने भनेर संघीय परिषदको निर्माण गरियो। अब अहिले आएर उपेन्द्र जत्तिको कार्यकारी अधिकार मागेको भनिएको छ।

अब आफैंले बनाएको पार्टी, भोट जति मधेशबाट मात्रै आउने अनि तीन क्लस्टर र समावेशीको नाममा बराबरीको कार्यकारी अधिकार दिन थाल्यो भने पार्टी राष्ट्रिय बन्ने कहिले हो कहिले, आफैंले बनाएको पार्टी पनि गुम्ने पो हो कि ! यो भय अध्यक्ष यादवमा देखिन्छ।

दोस्रो, पार्टी सत्तामा जाँदा हरेक मन्त्रालयमा सल्लाहकार, विज्ञको नाममा हिमाल/पहाडका मान्छेलाई राख्नुपर्ने ! हामीले निर्वाचन जितेको ठाउँको मानिसलाई व्यवस्थापन गर्न नपाउँदै पार्टीलाई समावेशी बनाउने नाममा लाभ लिनेहरूको दबाव थेग्नुपर्ने ! यस्तो अवस्थामा हिजोदेखि आन्दोलन गरेका, शुभेच्छुक कार्यकर्ता, बुद्धिजीवीहरू छुटिहाल्छन्। राजदूत नियुक्तिमा पनि यस्तै भयो। त्यसैले अब यो ठूलो पार्टी, राष्ट्रिय पार्टी बनाउने नाममा भएको क्षेत्रीय आधार पनि गुमाउनुभन्दा मधेशकेन्द्रित पार्टी नै राख्ने कि ? अध्यक्ष यादव पक्षीय समूहमा यस्तो छलफल चल्नु अस्वाभाविक होइन।

### नेताहरूको सोच र कार्यशैली मा समस्या

अशोक राई र बाबुराम भट्टराईले उपेन्द्र यादवलाई नचिनेर पार्टी एकीकरण गरेका होइनन्। अशोक राई नेकपा एमालेको केन्द्रीय सदस्य हुँदा उपेन्द्र यादव त्यही पार्टीको सुनसरी जिल्ला कमिटी सदस्य हुनुहुन्थ्यो। डा. बाबुराम भट्टराई माओवादी जनयुद्धका दोस्रो सबैभन्दा उच्च नेता हुँदा उपेन्द्र यादव त्यस पार्टीका एक सामान्य बुद्धिजीवी कार्यकर्ता हुनुहुन्थ्यो। तर पनि के देखेर नेताद्वयले उपेन्द्र यादवसँग एकीकरण गरेका होलान् ?

अशोक राईको संघीय समाजवादी पार्टी नचल्ने भएपछि धेरै जनजाति नेताहरू एमालेतिरै फर्किन थालेका थिए। अशोक राईले उपेन्द्र यादवको पार्टीसँग एकीकरण गर्ने प्रस्ताव गर्दा धेरैले प्रश्न गरेका थिए- हामीले तपाईंलाई नेता मान्ने अनि तपाईं चाहिँ आफ्नै कार्यकर्तालाई नेता मान्ने ? अर्थात् धेरैले उपेन्द्र यादवको नेतृत्व स्वीकार्ने पक्षमै थिएनन्। तर, अशोक राईले बडोसँग भन्नुभएको थियो, 'जनजातिहरू आन्दोलित भइसकेका छैनन्। मधेशीहरूले आन्दोलन गरेर धेरै थोक पाइसकेको अवस्था छ। मधेशी र जनजाति नमिली हुन्न। तसर्थ जो आन्दोलित छ, उसको नेतृत्व स्वीकारौं। मधेशी र जनजातिको संयुक्त आन्दोलनको तयारीमा जुटौं।'

डा. बाबुराम भट्टराईको पनि अवस्था भिन्न थिएन। फरक फरक समयमा ती दुवै नेताले उपेन्द्र यादवसँग पार्टी एकीकरण गरेको भए पनि दुवैको भावना उपेन्द्र यादवलाई नेता नस्वीकार्ने थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ। त्यस्तो सोचाइ भएको भए एकीकरण नै हुने थिएन होला।

पार्टीको मताधार मधेश प्रदेश र मधेशी समुदाय रहेकोमा पनि उहाँहरू जानकार नहुने कुरै थिएन। तर, एकीकरण गरेर उपेन्द्र यादवलाई नेता मानिसकेपछि पनि पार्टी सञ्चालनमा सामान्य राजनैतिक व्यवहार र इमानदारीको अनुभूति हुँदैन भने आन्दोलन र भविष्यमा पार्टीको साइज जस्ता कुरा गौण हुनजान्छ। सवाल स्वाभिमान र आत्म सम्मानको हुनजान्छ, त्यतिबेला मानवीय स्वभावले नै बदलाको भावलाई रोक्न गाह्रो हुन्छ। जसपाभित्र अहिले त्यही भएको हो।

यहाँनिर सबैले आ-आफ्नो धरातलबारे फेरि एकपटक ठण्डा दिमागले सोच्नु जरुरी छ। बाबुराम भट्टराईको बौद्धिक व्यक्तित्व, दूरदर्शी सोच र सामाजिक पूँजीलाई समग्र जसपाकै पूँजीको रूपमा विकास गर्न उपेन्द्र यादव जति उदार हुनु जरूरी छ, भट्टराईले पनि आफ्नो खस-आर्य क्लस्टरबाट पार्टीले भोट पाउन नसकिरहेको यथार्थलाई स्वीकार्नु त्यतिकै जरूरी छ।

खस-आर्य समुदायका नेता, कार्यकर्तालाई राज्य संचालनको व्याकरणको जानकारी रहने हुनाले सत्ताबाट फाइदा लिने तरिका जान्नु नौलो होइन। तर तिनले बुझ्नुपर्छ कि उपेन्द्र यादवको मतदाता वा कार्यकर्ताहरू राज्यमा पछाडि परेकै कारण पटक-पटक विद्रोह गरेका हुन्। त्यसैले न आज उपेन्द्र यादव नेता भएका हुन्। तसर्थ ती कार्यकर्ता पंक्तिको भावना, आवश्यकता आदि बुझेर अगाडि बढ्दा राम्रो हुने हो।

अशोक राईको शालीन व्यक्तित्व, संगठन क्षमताबारे भनिरहनु परेन तर पहिचानको आन्दोलनमा लागेदेखि नै उहाँको गतिशीलतामा ह्रास आएको देखिन्छ। सार्वजनिक मञ्चहरू मा विरलै देखिनुहुन्छ भने कार्यकर्ताहरूसँगको अन्तर क्रिया, सत्संगमा बाँकी दुई नेताभन्दा धेरै पछाडि हुनुहुन्छ। सीमान्तकृतहरू एक्लै एक्लै संगठन र राजनीति गर्ने त एउटा कुरा हो तर वर्चस्वशाली समुदायका मानिससँग मिलेर राजनीति गर्ने सोच हो भने त्यसअनुसार आफूलाई रणनैतिक बनाउनै पर्छ। बाहिरबाट हेर्दा अशोक राईमा यो कुराको अभाव प्रष्टै देखिन्छ।

उपेन्द्र यादवको विगत डेढ दशकको राजनीति यात्रालाई नियाल्दा उहाँ जति जति बलियो हुँदै जानुभएको छ, त्यति नै शंकालु पनि। आफ्नो वरिपरिका जो-कोहीबाट पनि त्रास महसुस गर्ने र उसको विरुद्ध षड्यन्त्र बुन्न थालिहाल्ने उहाँका दर्जनौं उदाहरण लेख्न सकिन्छ।

अहिले बाबुराम भट्टराई र अशोक राईसँग मात्र खटपट भएको भए अपवाद मान्न सकिन्थ्यो। महेन्द्र राय यादव, राजकिशोर यादव, इस्तियाक राईहरूसँगको खटपट पनि नजरअन्दाज गर्न सकिन्छ तर कुरो त्यतिमै टुंगिदैन।

विगतमा जेपी गुप्ता, सीतानन्दन राय, विजय गच्छदार, जितेन्द्र देव, रामेश्वर राय, भरतबिमल यादव, महन्त ठाकुर, राजेन्द्र महतो जस्ता कुनै पनि स्थापित नेताहरूसँग पार्टी सञ्चालनको सवालमा उहाँको कुरा नमिल्नु गम्भीर समस्या हो।

एउटा भनाइ छ, 'कुनै एक वा दुई जनासँग कुरा मिल्दैन भने ती व्यक्तिसँग कुरा गर्नुपर्छ। तर, यदि कसैसँग पनि कुरा मिल्दैन भने आफूसँग कुरा गर्नुपर्छ।' लाग्छ, उपेन्द्र यादवले आफैंसँग कुरा गर्ने बेला भइसकेको छ।

मधेश विद्रोहको लिगेसी, मधेशी समाजको एउटा तप्काको भोटमा जबर्जस्त पकड भएको उपेन्द्र यादवलाई व्यक्तिगत राजनीतिको लागि भट्टराई र राई त नचाहिएला तर पहिचानको राजनीतिलाई नयाँ उचाइ दिनुछ भने अहिलेको जसपाभन्दा राम्रो संगमस्थल भेट्टाउन गाह्रो पर्ला। जसपा अहिले विभाजन भए पनि नभए पनि उपेन्द्र यादवले आफ्नो सोच, संवाद र पार्टी सञ्चालनको शैलीमा पुनर्विचार नगरे विभाजनको क्रम रोकिने छैन।

अनलाइन खबरबाट


